# नयाँ संविधानमा समावेश गर्नुपर्ने महिला हक अधिकारका विषयहरू

## हाते पुस्तिका

फागुन २०६५

United Nations Development Fund for Women

नेपाल सरकार
महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

संयुक्त राष्ट्रसंघ
महिला विकास कोष, युनिफेम

जनहित संरक्षण मञ्च
(प्रो पब्लिक)

"महिला मैत्री संविधान निर्माण: सबै नेपालीको एउटै आव्हान"


# नयाँ संविधानमा समावेश गर्नुपर्ने महिला हक अधिकारका विषयहरू

## हाते पुस्तिका

फागुन २०६५

| | |
|---|---|
| **संयोजक** | : जनहित संरक्षण मञ्च (प्रो पब्लिक) |
| **प्रकाशन मिति** | : फागुन २०६५ |
| **प्रकाशन प्रति** | : ४,००० प्रति |
| **प्रकाशक** | : जनहित संरक्षण मञ्च (प्रो पब्लिक) |
| **सहयोग एवं सहकार्य** | : नेपाल सरकार, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय |
| | : संयुक्त राष्ट्रसंघ महिला विकास कोष, युनिफेम नेपाल |


यसमा प्रकाशित सुझावहरू साभार प्रकट गरी प्रयोग गर्न सकिनेछ ।

# हाम्रो भनाई

लैङ्गिक समानता लोकतान्त्रिक एवं समतामूलक समाजको आवश्यकता र मानव सभ्यताको आधारस्तम्भ हो । आधुनिक लैङ्गिक विधिशास्त्रले महिला अधिकारको संरक्षण, प्रचलन र प्रवर्द्धनका लागि राज्यद्वारा समानताको हकको प्रत्याभूतिका साथै विशेष अधिकार र संरक्षणका व्यवस्थाहरू पनि संविधानमा नै हुनुपर्ने सिद्धान्तलाई स्वीकार गरेको छ । यस सिद्धान्तलाई विश्वका अधिकांश लोकतान्त्रिक मुलुकका संविधानहरूले आत्मसात् गरिसकेका छन् ।

नेपालको सन्दर्भमा विगतका संविधानदेखि नै महिलाहरूको विकासका लागि राज्यले विशेष

व्यवस्था गर्न सक्ने प्रावधान राखे तापनि उक्त व्यवस्थाप्रति राज्य संवेदनशील नहुँदा महिलाको साक्षरता ४२ प्रतिशतमा सीमित हुनु, आवास र जमिनमाथि क्रमशः ५ र १० प्रतिशत मात्र स्वामित्व रहनु, प्रत्येक एक लाख सुत्केरी महिलामा २८१ महिलाको प्रजनन् स्वास्थ्यसम्बन्धी समस्याको कारणले मृत्यु हुनु, ९० प्रतिशत महिलाहरू अनेक किसिमका घरेलु एवं विभिन्न हिंसाबाट पीडित हुनुका साथै राज्यका निर्णायक तहमा महिलाको अति न्यून सहभागिता रहनुबाट नेपालमा लैङ्गिक विभेदको स्थिति स्पष्ट रूपमा झल्किन्छ ।

अतः नेपालमा पहिलोपटक संविधानसभाद्वारा संविधान निर्माण गर्न लागिएको अवसरमा



सदीयौंदेखि पछाडि पारिएका महिलाहरूको हक अधिकार सुनिश्चित गरी समतामूलक राज्यको स्थापना गर्न/गराउन अब बन्ने संविधान महत्वपूर्ण हुने भएकाले महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय र संयुक्त राष्ट्रसंघ महिला विकास कोष (युनिफेम) नेपालको सहयोग र समन्वयमा प्रो पब्लिकले महिला हक अधिकारका विषयहरूमा सुझाव तयार गरी संविधानसभालाई सहयोग पुऱ्याउने उद्देश्यले विभिन्न चरणमा क्षेत्रिय एवं राष्ट्रिय स्तरका कार्यक्रमहरू सञ्चालनबाट प्राप्त सुझावहरू तथा महिला हक अधिकारको सुनिश्चितताका लागि विभिन्न देश र नेपालका संविधानहरूमा भएका व्यवस्थाहरूको

अध्ययन विश्लेषण गरी यो सुझाव तयार गरिएको छ । यस हाते पुस्तिकामा नागरिकताको हक सम्बन्धमा महिला पुरुषको समान अधिकार, महिला मानवअधिकारको सुनिश्चितता, महिलाहरूबीचको विविधतालाई सम्मान, निर्णायक तहमा महिलाहरूको समानुपातिक सहभागिताको अधिकारका साथै महिला सशक्तिकरणको लागि विशेष सुविधाको अधिकार प्रत्याभूति गर्ने विषयहरूमा राज्यका दायित्वहरूसम्बन्धी सुझावहरू प्रस्तुत गरिएको छ ।

यी सुझावहरू प्रो पब्लिकको अध्ययन, विज्ञहरूको राय, देशका पाँचैवटा विकास क्षेत्र तथा काठमाडौंमा गरिएका विभिन्न परामर्श गोष्ठीहरूबाट प्राप्त सुझावहरूलाई



संविधानका विभिन्न भागहरूमा समावेश हुने किसिमले यस हाते पुस्तिकामा प्रस्तुत गरिएको छ । यस पुस्तिकामा प्रस्तुत गरिएका सुझावहरू महिला मानव अधिकारको संरक्षण र संवर्द्धनका क्षेत्रमा कार्यरत संघ संस्था, व्यक्ति एवं सर्वसाधारण जनताहरूमाझ व्यापक रूपमा पुर्‍याई अब बन्ने संविधानमा साझा मागका रूपमा संविधानसभाका सम्बन्धित समितिहरू एवं सम्पूर्ण सभासद्‌हरूसमक्ष सबैबाट पुग्ने अपेक्षा गरेका छौं । साथै यो हाते पुस्तिका महिला, मानव अधिकारको सुनिश्चितताका लागि वकालत सामग्रीको रूपमा सहायकसिद्ध हुनेछ भन्ने विश्वास गरेका छौं ।

प्रो पब्लिकको संयोजकत्वमा गरिएको यस सुझाव संकलन कार्यमा सहयोग पुऱ्याउने परामर्श गोष्ठीका सहभागीहरू, सभासद्ज्यूहरू, संविधानसभा सचिवालय, संसदीय दलका कार्यालयहरू तथा सम्बन्धित विज्ञहरू सबैलाई हाम्रोतर्फबाट हार्दिक आभार व्यक्त गर्दछौं ।

अन्तमा यो सुझाव तयार गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने सम्पूर्ण महानुभावहरूलाई धन्यवाद दिन चाहन्छौं ।

धन्यवाद ।



## प्रस्तावना

- अविभेदको सिद्धान्तमा आधारित लोकतान्त्रिक गणतन्त्रात्मक संघीय राज्य व्यवस्थालाई संस्थागत गर्न स्पष्ट रूपमा उल्लेख हुनु पर्दछ ।

- देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिक समस्याहरूलगायत महिलाविरुद्ध विद्यमान राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, धार्मिक, कानुनी एवं प्रशासनिक भेदभावको अन्त्य गर्ने संकल्प प्रस्तावनामा उल्लेख हुनु पर्दछ ।

## नागरिकतासम्बन्धी हक

- महिला र पुरुषलाई समान नागरिकताको हकको व्यवस्था गर्नु पर्दछ ।

- नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गर्ने विदेशी पुरुषले विदेशी नागरिकता त्यागेर नेपाली नागरिकता लिन चाहेमा प्रचलित कानुनबमोजिम अङ्गीकृत नेपाली नागरिकता लिन पाउने व्यवस्था गर्नु पर्दछ ।

- विदेशी नागरिकसँग विवाह गरेकी नेपाली महिला नागरिकबाट जन्मिएको सन्तानको हकमा निजले प्रचलित कानुनबमोजिम



वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्न सक्ने ब्यवस्था गर्नु पर्दछ ।

## मौलिक हक

## स्वतन्त्रताको हक

- कानुनको उचित प्रक्रियाबिना कुनै पनि व्यक्तिको व्यक्तिगत स्वतन्त्रताको हनन् हुने छैन ।

- राज्यले व्यक्तिलाई प्रदत्त स्वतन्त्रताको हकको पूर्ण उपयोगको लागि आवश्यक पूर्वाधार तयार गर्नेछ । संविधानद्वारा प्रदत्त स्वतन्त्रताको हकको पूर्ण उपयोगको लागि एकल, अपाङ्ग, दलित, तेस्रो लिङ्गी,

आदिबासी, जनजाति, मधेसी, मुस्लिमलगायत अन्य अल्पसंख्यक तथा पछाडि पारिएका क्षेत्रका महिलाहरूका लागि राज्यले विशेष व्यवस्था गर्नु पर्दछ ।

## समानताको हक

- सामान्य कानुनको प्रयोगमा कुनै पनि नागरिकमाथि धर्म, वर्ण, लिङ्ग, जातजाति, उत्पत्ति, भाषा वा शारीरिक वा मानसिक अपाङ्गता, यौन प्राथमिकता वा वैचारिक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव गरिनु हुँदैन ।

- राज्यले नागरिकहरूकाबीच धर्म, वर्ण,



जातजाति, लिङ्ग वा यौन प्राथमिकता, वैवाहिक अवस्था, गर्भवती अवस्था, शारीरिक वा मानसिक अपाङ्गता, उत्पत्ति, भाषा, वैचारिक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव गरिनु हुँदैन ।

- समान कामका लागि समान पारिश्रमिकको व्यवस्था गर्नु पर्दछ ।

- राज्यको स्रोत र साधनमाथि महिलाको समान पहुँच, जिम्मेवारी र सहभागिताको हकको व्यवस्था गर्नु पर्दछ ।

- राज्यले महिला, दलित, आदिवासी, जनजाति, मधेसी वा आर्थिक, सामाजिक,

धार्मिक र सांस्कृतिक, भौगोलिक दृष्टिले पीछडिएको वर्ग वा बालक, बृद्ध तथा अपाङ्ग वा शारीरिक वा मानसिकरूपले अशक्त व्यक्तिको संरक्षण र सशक्तीकरण वा विकासको लागि कानुनद्वारा विशेष व्यवस्था गर्नु पर्दछ ।

## प्रकाशन, प्रसारण तथा छापाखानासम्बन्धी हक

प्रकाशन, प्रसारण तथा छापाखाना सम्बन्धी हकमा देहायबमोजिम प्रतिबन्ध लगाई महिला हकको संरक्षण गर्ने व्यवस्था गर्नु पर्दछ ।

- महिलाहरूको सार्वजनिक शिष्टाचार,



नैतिकता वा लैङ्गिक संवेदनशीलता प्रतिकूल वा महिलाको अधिकार र सम्मानमा आँच वा जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने कार्यमा मनासिव प्रतिबन्ध लगाउने व्यवस्था गर्नु पर्दछ ।

- महिलाहरूलाई उपभोग्य वा यौन वस्तुका रूपमा विज्ञापन गर्ने गरी प्रकाशन, प्रसारण, प्रदर्शन वा कुनै किसिमको अभिव्यक्तिको बन्देज लगाउनु पर्दछ ।

- महिलाहरूको मौलिक हक हनन् हुने गरी कुनै पनि किसिमको अभिव्यक्ति, लेख वा सामग्री प्रकाशन तथा प्रसारणमा रोक लगाउनु पर्दछ ।

- महिलाहरूको शरीर हेरफेर वा दुरूपयोग गरी अश्लीलरूपमा कुनै किसिमबाट विज्ञापन, चलचित्रजस्ता कुनै माध्यमद्वारा प्रकाशन, प्रसारण गर्न नपाउने गरी कानुनको व्यवस्था गर्नु पर्दछ ।

## महिलाको हक

- महिला भएकै कारणबाट कुनै पनि किसिमको भेदभाव नगरिने सुनिश्चितता गर्नु पर्दछ ।
- प्रत्येक महिलालाई प्रजनन् स्वास्थ्य तथा प्रजननसम्बन्धी हकका साथै मातृत्वको संरक्षण, संवर्द्धन र सुरक्षाको हकको



सुनिश्चित गर्नु पर्दछ ।

- कुनै पनि महिलाविरुद्ध शारीरिक, मानसिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य नगरिने र त्यस्तो कार्य कानुनद्वारा दण्डनीय हुने व्यवस्था गर्नु पर्दछ ।
- पैतृक सम्पत्तिमा छोरा र छोरीलाई समान हक हुने व्यवस्था गर्नु पर्दछ ।
- प्रत्येक महिलालाई सामाजिक सुरक्षाको हकको व्यवस्था गर्नु पर्दछ ।
- प्रत्येक महिलालाई स्नातक तहसम्म निःशुल्क शिक्षा प्राप्त गर्ने हकको व्यवस्था गर्नु पर्दछ ।

- प्रत्येक महिलालाई वैवाहिक अवस्थाको आधारमा हुने विभेदविरुद्धको हकको व्यवस्था गर्नु पर्दछ ।

- महिलालाई संवैधानिक, कानुनी, राजनीतिक र प्रशासनिक निकायलगायत राज्यका सबै संरचनामा समानुपातिक रूपमा सहभागी हुने हकको व्यवस्था गर्नु पर्दछ ।

- महिलालाई रोजगारीको हक प्रदान गरिनु पर्छ । रोजगारी प्राप्त नभएसम्म बेरोजगार भत्ताको व्यवस्था गर्नु पर्दछ ।

- महिलालाई पेसा, रोजगार, उद्योग र



व्यापार प्रवर्द्धनका लागि राज्यबाट विशेष सुविधा प्राप्त गर्ने हकको व्यवस्था गर्नु पर्दछ ।

- महिलालाई यौनजन्य, उपभोग्य वस्तु र विभेदपूर्ण लैङ्गिक भूमिकामा प्रस्तुतिविरुद्धको हकको व्यवस्था गर्नु पर्दछ ।

- महिलालाई सारभूत समानताको सुनिश्चितता गर्न राज्यबाट विशेष अवसर वा सुविधा प्राप्त गर्ने हकको व्यवस्था हुनु पर्दछ ।

- महिलाउपर भेदभाव हुने कुनै पनि प्रथा,

प्रचलन, परम्परा, रीतिरिवाज र कानुनविरुद्धको हकको व्यवस्था गर्नु पर्दछ ।

- महिलाहरूलाई प्राकृतिक सम्पदाको स्रोतमाथि स्वामित्व र पहुँचको समान हकको व्यवस्था गर्नु पर्दछ ।
- प्रत्येक महिलालाई संवैधानिक तथा कानुनी हकको प्रचलनका लागि राज्यबाट कानुनी सेवा निःशुल्क प्राप्त गर्ने हकको व्यवस्था गर्नु पर्दछ ।
- महिलाहरूको सामाजिक, आर्थिक, जातिय तथा प्रादेशिक अवस्थाको आधारमा



निश्चित समयका लागि शिक्षा र रोजगारीमा विशेष आरक्षणको व्यवस्था राज्यले गर्नेछ । यसरी आरक्षण गर्दा आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछि परेका दलित, आदिबासी, जनजाति, एकल (विधुवा), मधेसी समुदायका महिलालाई महिलाको हक उपयोग र समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको विविध संरचनामा प्रतिनिधित्व गराउन राज्यले विशेष हक प्रदान गर्नु पर्दछ ।

- महिला हकसँग सम्बन्धित हकको पूर्ण प्रचलनको लागि राज्यले एकल, अपाङ्ग, दलित, तेस्रो लिङ्गी, आदिबासी, जनजाति,

मधेसी, मुस्लिमलगायत अन्य अल्पसंख्यक तथा पछाडि पारिएका क्षेत्रका महिलाहरूलाई शिक्षा, स्वास्थ्य तथा रोजगारीलगायतका अन्य सुविधामा पहुँच पुऱ्याउन आवश्यकताअनुसार विशेष व्यवस्था गर्नुपर्ने दायित्व संविधानमा उल्लेख हुनु पर्दछ ।

- प्रत्येक महिलालाई विवाह गर्ने, विवाह विच्छेद गर्ने र सन्तान जन्माउने कार्यमा समान निर्णयात्मक हकको प्रत्याभूत हुनु पर्दछ ।

- कुनै धर्म र संस्कृतिको नाममा महिला, एकल महिला र तेस्रो लिङ्गीविरुद्ध हिंसा,



विभेद वा अपमानविरुद्धको हकको व्यवस्था गर्नु पर्दछ ।

- महिलाहरूमाथि कार्यस्थल, सार्वजनिक स्थल र घरभित्र हुने कुनै पनि हिंसा, यौन दुर्व्यवहार र यौन शोषणलाई दण्डनीय बनाउनु पर्दछ र पीडितले क्षतिपूर्ति पाउने व्यबस्था गर्नु पर्दछ ।

- प्रत्येक महिलालाई शोषणविरुद्धको हक हुनेछ ।

## गोपनियताको हक

- कुनै पनि महिलाको जीउ, आवास, सम्पत्ति, लिखत, पत्राचार, चरित्रसम्बन्धी

कुराहरूको गोपनीयता कानुनद्वारा तोकिएको अवस्थामा बाहेक हनन गर्न नसक्ने व्यवस्था गर्नु पर्दछ ।

## श्रमसम्बन्धी हक

- प्रत्येक महिला कामदार र कर्मचारीलाई सुरक्षित र स्वच्छ वातावरण एवं लैङ्गिक मैत्रिपूर्ण कार्य स्थलमा स्वदेश तथा विदेशमा उचित काम गर्ने सुनिश्चित गरिनु पर्दछ ।

- कानुनमा व्यवस्था भएबमोजिम प्रत्येक महिला कामदार र कर्मचारीलाई आ-आफ्ना हित रक्षाको निमित्त ट्रेड युनियन



खोल्ने, सङ्गठित हुने र सामूहिक सौदाबाजी गर्ने हक हुनु पर्दछ ।

- कुनै पनि महिलालाई निजको इच्छाविरुद्ध उचित पारिश्रमिक नदिई काममा लगाउन नपाइने र त्यस्तो कार्यलाई दण्डनीय बनाइनु पर्दछ ।

## राज्यका दायित्व, निर्देशिक सिद्धान्त तथा नीतिहरू

- **शिक्षाः** शिक्षामा महिलाहरूको पहुँच बढाउन क्षेत्रगत, जातिगत, समुदायगत र आर्थिक एवं सामाजिक र शारीरिक अवस्थाको आधारमा निःशुल्क एवं

सुविधायुक्त प्रभावकारी शिक्षासम्बन्धी विशेष नीति राज्यले अवलम्बन गर्नु पर्दछ ।

- **स्वास्थ्यः** स्वास्थ्यमा महिलाहरूको पहुँच बढाउन क्षेत्रगत, जातिगत, समुदायगत र आर्थिक एवं सामाजिक अवस्थाका साथै थुना एवं कारागारमा रहेका महिलाहरूको प्रजनन स्वास्थ्य सेवा र सुविधामा पहुँच वृद्धि गर्न राज्यले विशेष नीति अवलम्बन गर्नु पर्दछ ।

- **रोजगारीः** महिलाहरूलाई स्वदेशी तथा विदेशी रोजगारीको अवसरमा पहुँच वृद्धि गर्नका लागि राज्यले सुविधासहितको



विशेष नीति अवलम्बन गर्नु पर्दछ ।

- **राष्ट्रिय विकासः** राष्ट्रिय विकास प्रक्रिया, कार्यक्रम र प्रतिफलमा महिलाहरूको समान सहभागिता र प्रतिनिधित्वको सुनिश्चिततताका लागि राज्यले विशेष नीति अवलम्बन गर्नु पर्दछ ।

- **आर्थिक विकासः** महिलाहरूलाई आर्थिक रूपमा सशक्त बनाउनको लागि औद्योगिक, व्यापार व्यवसाय, साना तथा घरेलु उद्योग, कृषि प्रवर्द्धन, बैंक आदि जस्ता क्षेत्रहरूमा महिलाहरूको सहभागिता, लगानी र प्रतिनिधित्वलाई सुनिश्चित गर्नको लागि राज्यले

आवश्यकताअनुसार विशेष नीति अवलम्बन गर्नु पर्दछ ।

- **व्यक्तिगत विकास:** राज्यले महिलाहरूको व्यक्तित्व विकासका लागि घरभित्रको काममा परिवारका पुरुष सदस्यहरूको पनि समान सहभागिता बढाउनको लागि प्रभावकारी नीति अवलम्बन गर्नु पर्दछ ।

- **निर्णायक तहमा सहभागिता:** राज्यका हरेक तहमा महिलाहरूको समान, अर्थपूर्ण सहभागिता र प्रतिनिधित्व बढाउन महिला सशक्तीकरण र नेतृत्व विकाससम्बन्धी विशेष नीति राज्यले अवलम्बन गर्नुपर्दछ ।



- **आवास, भूमि र खाद्य सम्प्रभुता:** आवास, भूमि र खाद्य सम्प्रभुतामा महिलाको अधिकार स्थापित गर्नका लागि राज्यले विशेष नीति अवलम्बन गर्ने र यस्तो नीतिको कार्यान्वयन गर्दा द्वन्द्वपीडित, दलित, मधेसी, मुस्लिम, पिछडिएका क्षेत्र तथा आर्थिकरूपले विपन्न महिलाहरूको उत्थानका लागि विशेष ध्यान पुऱ्याउने नीति अवलम्बन गर्नु पर्दछ ।

- राज्यले एकल, अपाङ्ग, दलित, तेस्रो लिङ्गी, आदिबासी, जनजाति, मधेसी, मुस्लिमलगायत अन्य अल्पसंख्यक तथा पछाडि पारिएका महिलाहरूका शिक्षा तथा

रोजगारीलगायतका अन्य सुविधाहरूमा पहुँच पुऱ्याउन विशेष व्यवस्था गर्नु पर्दछ ।

- राज्यले सबै विभेदकारी कानुनको अन्त्य गर्नु पर्दछ ।
- राज्य संरचनाका सबै अङ्गहरूमा महिलाहरूको विविधता (आदिबासी जनजाति, दलित, मधेसी, पिछडिएका क्षेत्र, उत्पीडित, अपाङ्ग, मुस्लिम र अल्पसंख्यक) को आधारमा समानुपातिक समावेशीको आधारमा सहभागी गराउने राज्यको दायित्व हुनु पर्दछ ।



- सशस्त्र द्वन्द्वको क्रममा महिला मानव अधिकारको गम्भीर उल्लङ्घन गर्ने तथा मानवताविरुद्धको अपराधमा संलग्न व्यक्तिहरूलाई दण्ड सँजाय र त्यसवाट पीडित महिलाहरूलाई न्याय, पुर्स्थापना, राहत, सम्मान, पुनःसामाजिकीकरण र क्षतिपूर्तिको लागि प्रभाकारी नीति अवलम्बन गर्नु राज्यको महत्वपूर्ण दायित्व हुनु पर्दछ ।
- राज्यको मूलभूत आर्थिक उद्देश्यको तर्जुमा गर्दा महिला र पुरुषबीचको आर्थिक असमानता हटाउन महिला उद्यमशिलताको पवर्द्धन, विकास र टेवा

पुग्ने गरी स्वतन्त्र, आत्मानिर्भर र उन्नतशील अर्थतन्त्रको उद्देश्य लिई सामाजिक एवं लैङ्गिक न्यायको आधारमा आर्थिक उपलब्धिमा महिलाको समान पहुँच हुने विशेष नीतिको व्यवस्था गर्नु राज्यको दायित्व हुने व्यवस्था गर्नु पर्दछ।

## महिलाहरूको सहभागिता

राज्यका हरेक संरचनामा महिलाको पहुँच सुनिश्चित गर्न देहायबमोजिमको व्यवस्था संविधानमा गरिनु पर्दछ।

## राष्ट्रपति र उपराष्ट्रपति

- राष्ट्रपति वा उपराष्ट्रपति पदमा उम्मेदवार



दिने राजनैतिक दलहरूले दुई पदमध्ये कुनै एक पदमा अनिवार्य रूपमा महिला उम्मेदवार दिनुपर्ने।

## कार्यपालिका

- मन्त्रिपरिषदमा प्रधानमन्त्रीका अतिरिक्त आवश्यकता अनुसार उपप्रधानमन्त्री र अन्य मन्त्रीहरू रहने छन्। जसमा पचास प्रतिशत मन्त्रीहरू महिला हुनु पर्ने।

## व्यवस्थापिका-संसद

- व्यवस्थापिका संसद्को गठन गर्दा व्यवस्थापिका संसद्को कुल सदस्य सख्याको कम्तीमा पचास प्रतिशत

सदस्यमा महिलाहरू हुनु पर्नेछ । यसरी सहभागिता गराउँदा एकल, दलित, आदिबासी, जनजाति, मधेसी तथा अन्य पिछडिएको क्षेत्रका महिलाहरूको सहभागिताको लागि कानुनद्वारा विशेष व्यवस्था गर्नु पर्दछ ।

- व्यवस्थापिका संसद्ले आफ्नो सदस्यहरू मध्येबाट सभामुख र उपसभामुखको निर्वाचन गर्दा उम्मेदवार दिने राजनैतिक दलले सभामुख वा उपसभामुखमध्ये कुनै एक पदमा अनिवार्यरूपमा महिला उम्मेदवार दिनुपर्ने व्यवस्था गर्नु पर्दछ ।
- व्यवस्थापिका संसदका समिति तथा



उपसमितिहरूको गठन गर्दा समिति र उपसमितिहरूका सदस्य तथा संयोजकको संख्याको कम्तीमा पचास प्रतिशत महिला हुनुपर्ने व्यवस्था गर्नु पर्दछ ।

## न्यायपालिका

- सर्वोच्च अदालत, पुनरावेदन अदालत तथा जिल्ला अदालतको न्यायाधीशहरूको सिफारिस र नियुक्ति गर्दा कम्तीमा पचास प्रतिशत महिला नियुक्त गर्नुपर्ने व्यवस्था गर्नु पर्दछ ।

## अख्तियार दुरूपयोग अनुसन्धान आयोग

- प्रमुख आयुक्त र अतिरिक्त अन्य

आयुक्तहरूको नियुक्ति गर्दा कम्तीमा पचास प्रतिशत महिला नियुक्त गर्नुपर्ने व्यवस्था गर्नु पर्दछ ।

## लोक सेवा आयोग

- लोक सेवा आयोगको अध्यक्ष र अन्य सदस्यहरूको नियुक्ति गर्दा कम्तीमा पचास प्रतिशत महिला नियुक्त गर्नुपर्ने व्यवस्था गर्नु पर्दछ ।

## निर्वाचन आयोग

- निर्वाचन आयोगको प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तहरूको नियुक्ति गर्दा कम्तीमा पचास प्रतिशत महिला



नियुक्त गर्नुपर्ने संविधानमा उल्लेख गर्नु पर्दछ ।

## राष्ट्रिय मानव अधिकार आयोग

- राष्ट्रिय मानव अधिकार आयोगको अध्यक्ष र सदस्यहरूको नियुक्ति गर्दा कम्तीमा पचास प्रतिशत महिला नियुक्त गर्नुपर्ने व्यवस्था गर्नु पर्दछ ।

## राजनैतिक दलहरू

- प्रत्येक राजनीतिक दलले आफ्नो स्थानीयस्तरको सङ्गठनदेखि केन्द्रीयस्तरको सङ्गठनसम्ममा कम्तीमा पचास प्रतिशत महिलाको प्रतिनिधित्व गराउनु पर्नेछ ।

यसरी प्रतिनिधित्व गराउँदा दलित, जनजाति, मुस्लिम, मधेसी, अपाङ्ग र पछाडि पारिएका क्षेत्रका महिलालगायतको विविधता कायम हुने गरी प्रतिनिधित्व गराउने व्यवस्था गर्नु पर्दछ ।

- यसरी पचास प्रतिशत महिला प्रतिनिधित्व नगराएको राजनैतिक दललाई निर्वाचन आयोगले दर्ता गर्न नपाउने व्यवस्था व्यवस्था गर्नु पर्दछ ।

## सेनासम्बन्धी व्यवस्था

- राष्ट्रिय सुरक्षा परिषद्को गठन गर्दा कम्तीमा ५० प्रतिशत महिला सदस्य



हुनुपर्ने व्यवस्था गर्नु पर्दछ ।

## विविध

### नेपाली राजदूत र विशेष प्रतिनिधिः

नेपाली राजदुत र विशेष प्रतिनिधिहरू नियुक्ति गर्दा कम्तीमा पचास प्रतिशत महिलाहरू समावेश हुनेगरी नियुक्ति गर्नुपर्ने व्यवस्था गर्नु पर्दछ ।

### आयोगको गठनः

सरकारबाट गठन गरिने प्रत्येक आयोगहरूमा कम्तीमा पचास प्रतिशित महिलाहरू नियुक्ति गर्नुपर्ने व्यवस्था गर्नु पर्दछ ।

## राष्ट्रिय महिला तथा लैङ्गिक न्याय प्रवर्द्धन आयोग

- महिला हक अधिकार तथा लैङ्गिक न्यायको संरक्षण र संवर्द्धन वा समाजसेवाका क्षेत्रमा क्रियाशील रहि ख्यातिप्राप्त महिला मध्येबाट एकजना अध्यक्ष र कानुन, जनप्रशासन, समाजशास्त्र, राजनीतिशास्त्र वा राष्ट्रिय जीवनका अन्य क्षेत्रमा शोध, अनुसन्धान, अध्यापन कार्य गरी ख्यातिप्राप्त गरेका व्यक्तिहरू मध्येबाट कम्तीमा तीनजना महिला, एकजना तेस्रो लिङ्गी र एक जना अपाङ्ग महिलासहित ६ जना सदस्य भएको एक महिला तथा



लैङ्गिक न्याय प्रवर्द्धन आयोगको गठन गर्ने संवैधानिक व्यवस्था गर्नु पर्दछ। यसरी गठन गरिने आयोगमा दलित, जनजाति, मधेसी, मुस्लिम एवं पछाडि पारिएका महिलासहितको विविधता कायम हुने गरी गर्नु पर्दछ।

- महिला अधिकारको सम्मान, संरक्षण र संवर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु राष्ट्रिय महिला तथा लैङ्गिक न्याय प्रवर्द्धन आयोगको कर्तव्य हुनेछ। र उक्त कर्तव्य पुरा गर्नका लागि राष्ट्रिय महिला तथा लैङ्गिक न्याय प्रवर्द्धन आयोगलाई देहायका

अधिकारहरू प्रदान गरिनु पर्दछ ।

(क) कुनै पनि महिला वा तेस्रो लिङ्गीको मानव अधिकारको उल्लंघन, लैङ्गिकताको आधारमा गरिने हिंसा, यौन दुराचार, घरेलु हिंसा, मनसायसहित कुनै पनि कारणले महिलामाथि हुने हिंसा वा त्यस्तो दुरुत्साहन भएको भनी पीडित व्यक्ति आफैं वा निजको तर्फबाट कसैले आयोगसमक्ष प्रस्तुत वा प्रेषित गरेको निवेदन वा उजुरी वा कुनै स्रोतबाट आयोगलाई प्राप्त भएको जानकारी वा आयोगको आफ्नै स्वविवेकमा त्यसको छानबिन तथा अनुसन्धान गरी दोषीउपर



क्षतिपूर्तिसहित कारबाही गर्न सिफारिस गर्ने,

(ख) महिला मानव अधिकारको उल्लंघन हुनबाट रोक्ने जिम्मेवारी वा कर्तव्य भएको पदाधिकारीले आफ्नो जिम्मेवारी पूरा नगरेमा वा कर्तव्य पालन नगरेमा वा जिम्मेवारी पूरा गर्न वा कर्तव्य पालना गर्न उदासीनता देखाएमा त्यस्तो पदाधिकारीउपर विभागीय कारबाही गर्न सम्बन्धित अधिकारीसमक्ष सिफारिस गर्ने,

(ग) महिला मानव अधिकार उल्लंघन गर्ने व्यक्तिका विरुद्ध मुद्दा चलाउनुपर्ने आवश्यकता भएमा प्रचलित

कानुनबमोजिम अदालतमा मुद्दा दायर गर्न सिफारिस गर्ने,

(घ) महिला मानव अधिकारको सचेतना अभिवृद्धि गर्न नागरिक समाजसँग समन्वय र सहकार्य गर्ने,

(ङ) महिला मानव अधिकारको उल्लंघनकर्तालाई विभागीय कारबाही तथा सजाय गर्न कारण र आधार खुलाई सम्बन्धित निकायसमक्ष सिफारिस गर्ने,

(च) महिला मानव अधिकारविरुद्धका प्रचलित प्रथा परम्परा तथा कानुनहरूको आवधिकरूपमा पुनरावलोकन गर्ने तथा



त्यसमा गर्नुपर्ने सुधार तथा संशोधनका सम्बन्धमा नेपाल सरकारसमक्ष सिफारिस गर्ने,

(छ) महिला मानव अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि वा सम्झौताको नेपाल पक्ष बन्नुपर्ने भएमा त्यसको कारणसहित नेपाल सरकारलाई सिफारिस गर्ने र पक्ष बनिसकेका सन्धि वा सम्झौताको कार्यान्वयन भए वा नभएको अनुगमन गरी कार्यान्वयन नभएको पाइएमा सोको कार्यान्वयन गर्न नेपाल सरकारसमक्ष सिफारिस गर्ने,

(ज) महिला मानव अधिकारको उल्लंघनका

सम्बन्धमा आयोगले गरेको सिफारिस वा निर्देशन पालना वा कार्यान्वयन नगर्ने पदाधिकारी, व्यक्ति वा निकायको नाम कानुनबमोजिम सार्वजनिक गरी महिला अधिकार उल्लंघनकर्ताका रूपमा अभिलेख गर्ने,

(झ) महिला मानव अधिकारविरुद्धको उजुरीहरू संकलनका लागि आयोगमा छुट्टै हेल्पलाइन डेस्क स्थापना गर्ने र उजुरीकर्ताहरूलाई परामर्श सेवा प्रदान गर्नुका साथै मुद्दाका रूपमा अदालतसम्म लैजाने कार्य गर्ने,

(ञ) कुनै व्यक्तिलाई आयोगसमक्ष उपस्थित



गराई जानकारी वा बयान लिने वा बकपत्र गराउने, प्रमाण बुझ्ने, दशी प्रमाण दाखिला गर्न लगाउने सम्बन्धमा अदालतलाई भए सरहको अधिकार प्रयोग गर्ने,

(ट) महिला मानव अधिकारको गम्भीर उल्लंघन हुन लागेको वा भइसकेको सूचना आयोगले कुनै किसिमबाट प्राप्त गरेमा कुनै व्यक्ति वा निजको आवास वा कार्यालयमा बिनासूचना प्रवेश गर्ने, खानतलासी लिने तथा त्यसरी खानतलासी लिँदा महिला मानव अधिकारको उल्लंघनसँग सम्बन्धित

लिखत, प्रमाण वा सबुद कब्जामा लिने,

(ठ) पीडित व्यक्तिलाई कानुनबमोजिम क्षतिपूर्ति दिने व्यवस्थाका साथै कानुनमा व्यवस्था भएबमोजिम अन्य अधिकारको प्रयोग र कर्तव्यको पालना गर्ने वा गराउने ।



**पाइने स्थान:**

PRO PUBLIC
PRO BONO PUBLICO
जनहित संरक्षण मञ्च (प्रो पब्लिक)
गौतमबुद्ध मार्ग, अनामनगर
पो.ब.नं १४३०७
फोन नं ९७७-१-४२६८६८१, ४२६५०२३
फ्याक्स नं : ९७७-१-४२४१५२०, ४२६८०२२
ईमेल : propublic@wlink.com.np
Website: www. propublic.org